मिति २०७८/१०/१९

वैठक संख्याः ८३

आज मिति २०७८/१०/१९ गते बिहान २:०० बजे यस देवघाट गाउँपालिकाका अध्यक्ष श्री दुर्ग बहादुर थापाको ज्युको अध्यक्षतामा देवघाट गाउँकार्यपालिकाको वैठक ब्रस्यो ।

**उपस्थितीः**

| | नामथर | पद |
|---|---|---|
| १) | श्री दुर्ग बहादुर थापा | गा.पा. अध्यक्ष |
| २) | श्री बिमला थापा | गा.पा. उपाध्यक्ष |
| ३) | श्री रमेश सुवेदी | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |
| ४) | श्री भिम बहादुर गुरुङ | १ नं. वडाध्यक्ष |
| ५) | श्री पोल बहादुर आले | २ नं. वडाध्यक्ष |
| ६) | श्री कृतिमान आले | ३ नं. वडाध्यक्ष |
| ७) | श्री पदम बहादुर गुरुङ | ४ नं. वडाध्यक्ष |
| ८) | श्री याल बहादुर गुरुङ | ५ नं. वडाध्यक्ष |
| ९) | श्री चन्द्र प्रकाश वि.क. | गा.का.पा. सदस्य |
| १०) | श्री रत्न बहादुर बोटे | गा.का.पा. सदस्य |
| ११) | श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| १२) | श्री भोगी माया राना | गा.का.पा. सदस्य |
| १३) | श्री अनिता गुरुङ | गा.का.पा. सदस्य |
| १४) | श्री यम माया गुरुङ | गा.का.पा. सदस्य |

**कर्मचारी उपस्थितीः**

श्री गोविन्द प्रसाद पौडेल (अधिकृत)

## देवघाट गाउँपालिका

**वैठक संख्या ८३** **मितिः २०७८/१०/१९**

**प्रस्तावहरुः**

१. समीक्षा सम्बन्धमा ।
२. MIS अपरेटर र फिल्ड सहायक पारिश्रमिक सम्बन्धमा ।
३. पौष सभा निर्णय सार्वजनिक सम्बन्धमा ।
४. ठेक्काबाट बचत रकमको थप काम गर्न अनुमती लिने सम्बन्धमा ।
५. क्वादी खोला खानेपानी योजना ठेक्का सम्बन्धमा ।
६. घर अभिलेखिकरण सम्बन्धमा ।
७. देवघाट सन्देश पत्रिकासँग सम्झौता सम्बन्धमा ।
८. सडकको चौडाई र क्षेत्राधिकार सम्बन्धमा ।
९. वर्षाखोला बाल विकास केन्द्रलाई जस्तापाता सहयोग सम्बन्धमा ।
१०. नवप्रवर्द्धन साझेदारी कार्यक्रम सम्बन्धमा ।
११. राहत सम्बन्धमा (वडा नं. ४ चट्याङ्गबाट गाईवस्तु मरेको र आगलागीबाट क्षती)
१२. नदीघाट ठेक्का सम्झौता सम्बन्धमा ।
१३. इलाका प्रहरी चौकीलाई पाइप सहयोग सम्बन्धमा ।
१४. भुवनटार झारखानी क्षेत्रमा नदी कटान रोकथामको लागि सम्भाव्यता अध्ययन, सर्भे र विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने सम्बन्धमा ।
१५. देवघाट – ५ गणेशटोल झोलुङ्गेपुल मुख तल तटबन्धन गर्ने योजना सिफारिस सम्बन्धमा ।
१६. कृषक डाटा ईन्ट्री सम्बन्धमा ।
१७. नदीघाटबाट नदीजन्य पदार्थ उत्खननमा मेशिन प्रयोग गर्न दिने सम्बन्धमा ।
१८. कोभिड भ्याक्सिनमा संलग्न टोलीलाई खाना र खाजाको व्यवस्था गर्ने सम्बन्धमा ।
१९. अनुगमन समिति प्रतिवेदन सम्बन्धमा ।
२०. LISA नतिजा सम्बन्धमा ।
२१. विविध

**निर्णयहरुः**

१. यस भन्दा अगाडीका कार्यपालिका वैठकको निर्णय कार्यान्वयन प्रगति समीक्षा गरियो । साथै माघ १६ गते रेडियो देवघाट १०२.६ मेगाहर्जसँगको संयोजनमा अन्तर मा.वि. स्तरीय निबन्ध प्रतियोगिता गरी मनाइएको र सो बापत गाउँपालिकाले रेडियो देवघाट १०२.६ मेगाहर्जलाई रु. १६,०००/- (सोह्र हजार रुपैया) नगद सहयोग गर्ने निर्णय गरियो । साथै राष्ट्रिय भूमि आयोग र देवघाट गाउँपालिका बिच सम्झौता भएको जानकरी भयो । गत आ.व.को सामाजिक परीक्षण प्रस्तुतिकरण भई छलफल भयो ।

देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय देवघाट, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

दुर्गा बहादुर थापा
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

२. MIS अपरेटर १ र फिल्ड सहायक २ जनाको पारिश्रमिकको पचास प्रतिशत वा वर्षको ६ महिनाको पारिश्रमिक गाउँपालिकाबाट व्यहोर्ने निर्णय गरियो ।
३. यस आ.व. पौष महिनामा बसेको गाउँसभा निर्णय सार्वजनिक गरियो ।
४. साउने फोस्रेपानी सडक निर्माण टेण्डर गर्दा बचत रकमको सोही क्षेत्रमा सडक स्तरोन्नतीको लागि पुन: टेण्डर (ठेक्का) लगाउनको लागि तथा भेरिएसन अडरबाट काम गराउन अनुमती माग गर्न सम्बन्धित मन्त्रालयसँग अनुरोध गर्ने निर्णय गरियो ।
५. देवघाट वडा नं. ५ क्वादी खोला खानेपानी योजनाको लागत इष्टिमेट रु. २,५६,५२,४२७.४५ (अक्षेरुपी दुई करोड छपन्न लाख बाउन्न हजार चार सय सत्ताईस रुपैया मात्र पैंतालिस) रहेको र उक्त योजनालाई ठेक्का लगाइएकोमा नपुग रकम गाउँपालिकाले व्यहोर्ने निर्णय गरियो ।
६. गाउँपालिका बन्नु भन्दा अगाडी बनेका वा हाल सम्मा नक्सा पास नगरी बनाइएका घरको अभिलेखिकरण गर्ने समय मिति २०७९ आषाढ मसान्तसम्म तोक्ने र त्यस पछि अभिलेखिकरणको लागि आएका घरको लागि प्रति स्क्वायर फुट रु. ५ जरिवाना लगाउने निर्णय गरियो ।
७. देवघाट सन्देश साप्ताहिकसँग सूचना प्रकाशनको लागि एक मुष्ठ रुपमा मासिक रु. ५,०००/- का दरले भुक्तानी दिने गरी माघ महिना देखि २०७९ आषाढ मसान्त सम्मको लागि सम्झौता गर्ने निर्णय गरियो ।
८. यस गाउँपालिकाको सडकको चौडाई तथा क्षेत्राधिकार र सेट ब्याक मापदण्ड, २०७८ स्वीकृत गरियो ।
९. वर्षाखोला बाल विकास केन्द्र देवघाट – १ कोटालाई जस्तापाताले छाउनको लागि इष्टिमेट अनुसारको रकम सहयोग गर्ने निर्णय गरियो ।
१०. नवप्रवर्द्धन साझेदारी कोष कार्यक्रम अनुसार एक वडा एक नमूना गाउँ (कृषि) परियोजना प्रस्ताव गरी पठाउने निर्णय गरियो ।
११. वडा नं. ४ का सोमलाल भुजेलको घरमा चट्याङ्ग परी गाईवस्तु मरेकोले विपद कोषबाट रु. १०,०००/- (दश हजार) र वडा नं. ४ का मंगले भुजेलको घरमा आगलागिबाट पूर्ण क्षति भएकोले विपद कोषबाट रु. १५,०००/- (पन्ध्र हजार) राहत उपलब्ध गराउने निर्णय गरियो । साथै आगलागिबाट क्षति पुगेको निज मंगले भुजेललाई राहत उपलब्ध गराइदिन जिल्ला प्रशासन कार्यालयमा सिफारिस गर्ने निर्णय गरियो ।
१२. यस गाउँपालिकाबाट मिति २०७८/०८/२६ गते त्रिशुली नदी भुवनटारघाट तल्लो र सेती भतेरी घाटको नदीजन्य पदार्थ उत्खनन कार्यको लागि सूचना प्रकाशित भए बमोजिम e-bidding मार्फत पेश हुन आएको बोलपत्रदाता श्री शिव शंकर विल्डर्स एण्ड सप्लायर्स प्रा.लि., भरतपुर – १६, चितवनले बोलपत्र दस्तुर बापत बुझाउनुपर्ने रकम रु. ३,०००/- आन्तरिक राजश्व खाता नं. ००८१५४१२९२१ मा बुझाउनु पर्नेमा देवघाट गा.पा.को धरौटी खाता नं. ००८१५१६९८६३ मा बुझाएको देखिन आएकोले गाउँपालिकाको राजश्व आम्दानीमा प्रत्यक्ष योगदान पुग्न जाने हुँदा धरौटी खातामा जम्मा भएको बोलपत्र दस्तुर बापतको रकमलाई आन्तरिक राजश्व खातामा नै जम्मा भए सरह मानी सम्झौताका लागि आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।
१३. इलाका प्रहरी चौकीलाई र नयाँ वस्तीमा बाटो मर्मत गर्दा खानेपानी पाइपमा क्षति पुगेकोले उक्त क्षेत्रलाई इष्टिमेट अनुसार खानेपानी पाईप उपलब्ध गराउने निर्णय गरियो ।

देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

दुर्ग बहादुर थापा
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

१४. भुवनटार झारखानी क्षेत्रमा नदी कटान रोकथामको लागि सम्भाव्यता अध्ययन, सर्भे र विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने निर्णय गरियो ।

१५. देवघाट – ५ गणेशटोल झोलुङ्गेपुल मुख तल नदी कटानका कारण जोखिम भएकोले तटबन्धन गर्ने कार्यका लागि सम्बन्धित निकायमा सिफारिसका लागि पठाउने निर्णय गरियो ।

१६. कृषक डाटा इन्ट्रि गर्नको लागि परामर्शदाता संस्थासँग सम्झौता गर्ने निर्णय गरियो ।

१७. त्रिशुली नदी भुवनटारघाट र सेती भतेरी घाटको ठेक्का लिने शिव शंकर विल्डर्स एण्ड सप्लायर्स प्रा.लि., भरतपुर – १६, चितवनले नदीघाटबाट उत्खनन गर्न मेसिन प्रयोगको अनुमति पाउँ भनि निवेदन दिएकोमा निवेदनमा उल्लेख भएका आयोजनामा नदीजन्य पदार्थको अभाव हुन नदिन तपसिल अनुसारको मेशिनरी उपकरण प्रयोग गर्न अनुमति दिने निर्णय गरियो र यस निर्णय अनुसार मेशिनरी साधनको अभिलेख राख्न र अनुमति दिनको लागि प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

तपसिल:

क) भुवनटारघाट तल्लोको लागि (तोकिएको परिमाणको लागि मात्र)
   १) टायरवाला मेशिन (ब्याकहो लोडर) JCB – २ (दुई) थान
   २) चेनवाला मेशिन (Excavator) – २ (दुई) थान

ख) सेति भतेरी घाटको लागि (तोकिएको परिमाणको लागि मात्र)
   १) टायरवाला मेशिन (ब्याकहो लोडर) JCB – १ (एक) थान

दुवै घाटको लागि मेसिन उपकरण विवरण र नम्बर शिव शंकर विल्डर्स एण्ड सप्लायर्स प्रा.लि., भरतपुर – १६ चितवनले कार्यालयलाई उपलब्ध गराउनुपर्नेछ ।

१८. कोभिड रोकथाम तथा नियन्त्रणको लागि ल्याव टेष्ट (PCR र एन्टिजेन) गर्ने तथा भ्याक्सिन लगाउने स्वास्थ्य कर्मचारी टिमलाई उक्त दिनमा खाजा तथा खाना बापतको रकम दिने निर्णय गरियो ।

१९. गाउँपालिका अनुगमन तथा सुपरिवेक्षण समितिबाट हालसम्म भए गरेका अनुगमन कामको अनुगमन प्रतिवेदन पेश भई छलफल गरियो ।

२०. स्थानीय तह संस्थागत क्षमता स्व-मूल्यांकनमा यस देवघाट गाउँपालिकाको मूल्यांकन ५७ अंक रहेको निर्णय गरियो ।

२१. विविध

क) वडा नं. ५ पिपलटार झारखानी क्षेत्रमा तटबन्धनको लागि जाली उपलब्ध गराइदिन सम्बन्धित निकायमा सिफारिस दिने निर्णय गरियो ।

ख) वडा नं. ४ गाईघाट उकालोमा सडक भत्किएकोले मर्मत गर्न इष्टिमेट अनुसारको रकम मर्मत कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

ग) गाईघाट-सानुभञ्ज्याङ्ग सडकमा मोड सुधार तथा स्तरोन्नतीको लागि आवश्यक रकमको व्यवस्था गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो । साथै त्यसको लागि विस्तृत अध्ययन परियोजना प्रतिवेदन गाउँपालिकाले तयार गर्ने निर्णय गरियो ।

घ) गण्डकी प्रदेश सरकारको गाडी देवघाट क्षेत्रमा बिग्रिएकोले सो गाडी मर्मत गर्दा भएको खर्च गाउँपालिकाबाट भुक्तानी दिने निर्णय गरियो ।

देवघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

दुर्ग बहादुर थापा
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत